# उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन


प्रस्तुतकर्ता

**लक्ष्मीप्रसाद ढकाल**

परीक्षा क्रमाङ्क – २०३००२७ (२०६७)

क्याम्पस दर्ता नं. – ३९

रजिष्ट्रेशन नं. ६-१-१-५७१-९९


त्रिभुवन विश्व विद्यालय, पाँचथर बहुमुखी क्याम्पस,

शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग

अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको

नेपा. शि. ५९८ पाठ्यांशको

प्रयोजनका लागि

प्रस्तुत

शोधपत्र


पाँचथर बहुमुखी क्याम्पस,

फिदिम, पाँचथर

सन् २०13, (२०६९)

# सिफारिस पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत पाँचथर बहुमुखी क्याम्पस, स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा.शि. ५९८ को आंशिक आवश्यकता पुरा गर्ने प्रयोजनका लागि यस क्याम्पसका छात्र **लक्ष्मी प्रसाद ढकालले** मेरो प्रत्यक्ष निर्देशन र सल्लाह अनुसार **उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकको शोधपत्र तयार गर्नु भएको हो । उहाँले मेहनत पूर्वक सम्पन्न गर्नु भएको विश्लेषणात्मक शोध लेखन कार्यप्रति म पूर्ण रूपमा सन्तुष्ट छु । अध्ययन पुरा गरिएको यस शोधपत्रको मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति :- १४ मार्च २०१३ (२०६९।१२।०१)

खेमनाथ खतिवडा
क्या.प्र. / शोध निर्देशक
नेपाली भाषा शिक्षा विभाग
पाँचथर बहुमुखी क्याम्पस, फिदिम

त्रिभुवन विश्वविद्यालय
# पाँचथर बहुमुखी क्याम्पस
PANCHTHAR MULTIPLE CAMPUS
FACULTY OF HUMANITIES, MANAGEMENT & EDUCATION
मानविकी, व्यवस्थापन तथा शिक्षाशास्त्र संकाय
स्था. २०३९

पत्र संख्या:
चलानी नम्बर:
Ref. No:

फिदिम (Phidim)
मेची (Mechi)
मिति/Date:

**Subject:**
**विषय:** स्वीकृति पत्र ।

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, पाँचथर बहुमुखी क्याम्पस, फिदिममा नेपाली शिक्षा विषय लिई स्नातकोत्तर तहमा अध्ययनरत छात्र **लक्ष्मी प्रसाद ढकालले** स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनका लागि **उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य पुरा गरी प्रस्तुत गर्नु भएको शोधपत्रको मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

शोध मूल्याङ्कन समिति

१. श्री खेमनाथ खतिवडा
क्याम्पस प्रमुख/शोध निर्देशक
२. श्री गणेश प्रसाद भण्डारी
विभागीय प्रमुख
३. श्री महेश्वर न्यौपाने
बाह्य परीक्षक

मिति :- ३० मार्च २०१३ (२०६९।१२।१७)

फोन नं.: ०२४-५२०१५९ (प्रशासन), ०२४-५२००७५ (परीक्षा), फ्याक्स नं. ०२४-५२०६१८, E-mail: pmcfdm2039@gmail.com

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्व विद्यालय पाँचथर बहुमुखी क्याम्पसको शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर द्वितीय वर्षको नेपाली विषयको पाठ्यांश ५९८ को प्रयोजनका लागि **'उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन'** शीर्षकको प्रस्तुत शोधपत्र मेरा श्रद्धेय उ.प्रा. गुरु श्री खेमनाथ खतिवडाको सरसल्लाह तथा निर्देशनमा तयार पारेको छु । शोधपत्र जस्तो जटिल र गहन कार्यमा आफ्नो व्यस्त समयका बाबजुद निरन्तर सहयोग र सरसल्लाह प्रदान गरी सफलताको विन्दुमा पुऱ्याउनु भएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रदान गर्दछु साथै यस शोधपत्रलाई तयार पार्नका लागि व्यस्त समयका बावजुत जुनसुकै समयमा पनि आवश्यक सरसल्लाह सहित सहयोग गर्नु हुने मेरा श्रद्धेय उ.प्रा. गुरु श्री गणेशप्रसाद भण्डारीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसरी नै हरपल सहयोग गर्नु हुने स.प्रा. श्री खड्गनारायण आङ्देम्बेप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै पाँचथर बहुमुखी क्याम्पसका सम्पूर्ण प्राध्यापक गुरुहरू र सम्पूर्ण कर्मचारी तथा विद्यार्थीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

विद्यालय तहदेखि विश्व विद्यालय तहसम्मको पठन यात्रालाई हौसला निमार्णगरी आफूले सधैं दस नङ्ग्रा खियाएर जस्तो सुकै कठिन परिस्थितिमा पनि तन, मन र धन खर्च गरेर जीवनका विभिन्न समस्यामूलक परिस्थितिमा सङ्घर्ष गर्दै शिक्षा क्षेत्रमा वर्तमान समयसम्म पनि आर्थिक भार वहन गरी सधैं पढ्न प्रेरित गरी मलाई यहाँसम्म आइपुग्ने वातावरण तयार पार्नुका साथै उचित सल्लाह, सुझाब र हौसला प्रदान गर्नुहुने श्रद्धेय पिता प्रेमनारायण ढकाल र माता डुकमाया ढकालप्रति सदा ऋणी छु । यस कार्यलाई तयार पार्न सहयोग गर्ने मेरी श्रीमती रमला र भाइहरू गुरू, सुजन र सुमन ढकाललाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोध पत्र तयार पार्न प्रत्यक्ष वा परोक्ष रूपमा सहयोग गर्नुहुने दाजु भाउजू याम र उमा ढकाल, दाजु चिरञ्जीवि र भाइ लोकनाथ ढकाल, बहिनी ज्वाई प्रभा र हरि भट्टराई दिदी तारा भट्टराई र मेरा मित्रहरू टीकाराज राई, सरिता तामाङ, हरिप्रसाद आङ्देम्बे, बेदनीधि डाँगी, मातृका, हरिमाया तामाङ, यमुना सुवेदी, भिम र राजु मिश्र, खेम पोखरेल, प्रेम भण्डारी, सरस्वती पुस्तक पसलका दिदी यदुमाया र भिनाजु भगिरथ पौडेल लगायत सम्पूर्ण साथीहरूप्रति आभार व्यक्त गर्दछु । त्यसै गरी यस अध्ययनलाई पुरा गर्न

सहयोग गर्नु हुने सम्पूर्ण आफन्तहरू, विद्यालयदेखि विश्व विद्यालयसम्म अध्ययन गर्ने मेरा मित्रहरू तथा विद्यालय तहदेखि विश्व विद्यालय तहसम्म अध्यापन गर्ने मेरा सम्पूर्ण गुरुहरूलाई पनि सम्झनुपर्ने आफ्नो कर्तव्य ठानेको छु । यस शोधपत्रलाई पुरा गर्न कक्षा उपलब्ध गराई सहयोग गर्नु हुने ६ वटै उच्च माध्यमिक विद्यालयका प्राचार्य तथा शिक्षकहरू र विद्यार्थीहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अन्त्यमा आफ्नो व्यस्त समयका बावजुत छिटोछरितो र शुद्ध रूपमा कम्प्युटर टाइप गर्ने सिंहलिला एफ.एम. का प्राविधिक भाइ छवि चापागाँई प्रति विशेष धन्यवाद दिँदै प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति त्रिभुवन विश्व विद्यालय, पाँचथर बहुमुखी क्याम्पस, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग समक्ष पेस गर्दछु ।

शैक्षिक सत्र:

मिति :

**शोधकर्ता**

लक्ष्मीप्रसाद ढकाल

त्रिभुवन विश्व विद्यालय,

पाँचथर बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

फिदिम, पाँचथर

# शोधसार

शोध शीर्षक : उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन

शोधार्थी :- लक्ष्मीप्रसाद ढकाल

शोध निर्देशक : उप प्रा. खेमनाथ खतिवडा

क्याम्पस : त्रिभुवन विश्व विद्यालय, पाँचथर बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, फिदिम पाँचथर

शैक्षिक वर्ष : २०६८

पृष्ठसङ्ख्या : ७४

अध्याय : पाँच

## शोध प्रक्रिया :

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत एम्. एड्. दोस्रो वर्षको नेपा. शि. ५९८ पाठ्यांशको प्रयोजन पूर्तिका लागि तयार पारिएको हो । यस अध्ययनको मुख्य उद्देश्य उच्च माध्यमिक तह कक्षा एघार अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको अध्ययन गर्नु हो । जस अन्तर्गत ताप्लेजुङ जिल्लाका ग्रमीण तथा सहरी क्षेत्रका उच्च माध्यमिक विद्यालय कक्षा एघारका विद्यार्थीहरूको भाषागत, लिङ्गगत, स्थानगत, तथा विद्यालयको प्रवृत्तिगत आधारमा अध्ययन गर्ने कार्य गरिएको छ ।

यस अध्ययनलाई पुरा गर्नका लागि सामग्री सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका रूपमा ताप्लेजुङ जिल्लाका सम्पूर्ण उच्च माध्यमिक तह कक्षा एघारका सम्पूर्ण विद्यार्थीहरूलाई समेट्न नसकिने भएकाले उक्त जिल्लाका ३ ग्रामीण र ३ सहरीक्षेत्रका गरी ६ वटा विद्यालयका विद्यालयका ग्रामीणका ३० र सहरीका ३० जना गरी जम्मा ६० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा लिइएको छ । जसमा ३० जना छात्र र ३० जना छात्राहरू रहेका छन् । द्वितीयक स्रोतका रूपमा पाठ्यक्रम, पाठ्य पुस्तक, शोधपत्र, सम्वन्धित

कार्यपत्र, प्रतिवेदन, विज्ञका राय सुझावहरू तथा विविध पत्र पत्रिका र विभिन्न लेखरचनाहरू रहेका छन् ।

यस अध्ययनलाई जम्मा ५ वटा अध्यायमा विभाजन गरिएको छ । अध्याय एकमा शोधको परिचय रहेको छ । जसमा शोधशीर्षक, शोध प्रयोजन, समस्याकथन, उद्देश्यहरू, पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, विधि र शोधको रूपरेखा सम्वन्धी उल्लेख गरिएको छ । अध्याय दुईमा अध्ययनको सैद्धान्तिक परिचय दिने प्रयास गरिएको छ । जसमा बोधको परिचय, प्रकार, पठन बोधको महत्त्व, चरण, प्रभाव पार्ने तत्त्वहरूका बारेमा चर्चा गरिएको छ । अध्याय तिनमा ग्रामीण तथा सहरीक्षेत्रका कक्षा एघारका विद्यार्थीको नमुना छनौटको आधारमा छात्रछात्रा, नेपाली र दोस्रो भाषी , संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश गद्यांशका आधारमा उनीहरूले प्राप्त गरेको प्राप्ताङ्कका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ । अध्याय चारमा नेपाली र दोस्रो भाषी, छात्र र छात्रा, संस्थागत र सामुदायिक एवम् ग्रामीण तथा सहरी क्षेत्रका विद्यालयका विद्यार्थीहरूको दृष्टांश तथा अदृष्टांश गद्यांशको प्राप्ताङ्क प्रतिशतका आधारमा तुलनात्मक स्थिति बारे चर्चा गरिएको छ । अध्याय पाँचमा अध्ययनका सवल तथा दुर्बल पक्षको चर्चा गर्दै निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरी शैक्षिक प्रयोजनको उल्लेख गरिएको र केहि भावी अध्ययनका सम्भावित शीर्षकहरू पनि उल्लेख गरिएको छ ।

**लक्ष्मीप्रसाद ढकाल**
**त्रिभुवन विश्व विद्यालय**
**पाँचथर बहुमुखी क्याम्पस**
**शिक्षाशास्त्र सङ्काय,**
**नेपाली भाषा शिक्षा विभाग**
**फिदिम, पाँचथर**

## विषयसूची


| क.सं. | विवरण | पृष्ठ नं. |
|---|---|---|
| | **अध्याय एक : शोध परिचय** | **१** |
| १.१ | शोधशीर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | समस्या कथन | १ |
| १.४ | अध्ययनका उद्‌देश्यहरू | २ |
| १.५ | पूर्वकार्यको समीक्षा | २ |
| १.६ | अध्ययनको औचित्य | ५ |
| १.७ | शोधको सीमाङ्कन | ६ |
| १.८ | अध्ययन विधि | ७ |
| | क. प्राथमिक स्रोत | ७ |
| | ख. द्‌वितीयक स्रोत | ९ |
| १.९ | शोधपत्रको रूपरेखा | ९ |
| | **अध्याय दुई : सैद्धान्तिक परिचय** | **१०** |
| २.१ | बोधको परिचय | १० |
| २.२ | बोधका प्रकार | ११ |
| | २.२.१ श्रुतिबोध | ११ |
| | २.२.२ पठन बोध | १३ |
| २.३ | पठन बोधको महत्त्व | १४ |
| २.४ | पठन बोधका चरणहरू | १५ |
| २.५ | पठन बोधमा प्रभाव पार्ने तत्त्वहरू | १७ |
| २.६ | सारांश | २० |

## अध्याय तिन : पठन बोध क्षमताको व्याख्या विश्लेषण २१


३.१ उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको पठन बोध क्षमताको व्याख्या विश्लेषण २१

३.२ सिनाम उच्च माध्यमिक विद्यालय २३

३.२.१ दृष्टांश गद्यांशको विश्लेषण २३

३.२.२ अदृष्टांश गद्यांशको विश्लेषण २५

३.३ भञ्ज्याङ उच्च माध्यमिक विद्यालय २८

३.३.१ दृष्टांश गद्यांशको विश्लेषण २८

३.३.२ अदृष्टांश गद्यांशको विश्लेषण ३१

३.४ मैवाखोला उच्च माध्यमिक विद्यालय ३५

३.४.१ दृष्टांश गद्यांशको विश्लेषण ३५

३.४.२ अदृष्टांश गद्यांशको विश्लेषण ३७

३.५ भानु जन उच्च माध्यमिक विद्यालय ४०

३.५.१ दृष्टांश गद्यांशको विश्लेषण ४०

३.५.२ अदृष्टांश गद्यांशको विश्लेषण ४३

३.६ कञ्चनजङ्घा उच्च माध्यमिक विद्यालय ४६

३.६.१ दृष्टांश गद्यांशको विश्लेषण ४६

३.६.२ अदृष्टांश गद्यांशको विश्लेषण ४८

३.७ पाथीभरा बहुमुखी क्याम्पस ५१

३.७.१ दृष्टांश गद्यांशको विश्लेषण ५१

३.७.२ अदृष्टांश गद्यांशको विश्लेषण ५३

३.८. सारांश ५६

**अध्याय चार : पठन बोध क्षमताको तुलनात्मक स्थिति** **५७**


४.१ भाषिक आधारमा नेपाली मातृभाषी र दोस्रो भाषी विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति ५७

४.२ लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति ५९

४.३ प्रकृतिका आधारमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति ६१

४.४ स्थानीयता आधारमा ग्रामीण तथा सहरी क्षेत्रका विद्यार्थीहरूको पठन बोध क्षमताको तुलनात्मक स्थिति ६३

४.५ सारांश ६४


**अध्याय पाँच : उपसंहार** **६५**


**५.१ निष्कर्ष** **६५**

५.१.१ सबल पक्षहरू ६५

५.१.२ दुर्बल पक्षहरू ६५

५.२ सुझाव ६७

५.३ शैक्षिक प्रयोजन ६९

५.४ भावी अध्ययनका सम्भावित शीर्षकहरू ६९

**सन्दर्भ ग्रन्थसूची** **७०**

**परिशिष्ट (क)** दृष्टांश गद्यांशको नमुना प्रश्न ७३

**परिशिष्ट (ख)** अदृष्टांश गद्यांशको नमुना प्रश्न ७४

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| आ.सं. | – | आठौँ संस्करण |
| उ. प्रा. | – | उप प्राध्यापक |
| उ. मा. वि. | – | उच्च माध्यामिक विद्यालय |
| कै. | – | कैफियत |
| क्र. सं. | – | क्रम सङ्ख्या |
| चौ. सं. | – | चौंथो संस्करण |
| ते.सं. | – | तेस्रो संस्करण |
| त्रि. वि. वि. | – | त्रिभुवन विश्व विद्यालय |
| दो. सं. | – | दोस्रो संस्करण |
| नि. मा. वि. | – | निम्न माध्यमिक विद्यालय |
| नेपा. शि. | – | नेपाली शिक्षा |
| ने. भा. शि. वि. | – | नेपाली भाषा शिक्षा विभाग |
| नं. | – | नम्वर |
| प्र.सं. | – | प्रथम संस्करण |
| पा. वि. के. | – | पाठ्यक्रम विकास केन्द्र |
| मि. | – | मिनेट |
| स. प्रा. | – | सहायक प्राध्यापक |
| सा. सं. | – | सातौँ संस्करण |
| सं. | – | संस्करण |